६. **धितोपत्र सूचीकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :**
हालसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण भैनसकेको ।

७. **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**
हालसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण भई नसकेको हुँदा यस सार्वजनिक निष्काशन गरिने शेयरको बाँडफाँड पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित नियमानुसार सूचीकरण तथा दर्ता गराई शेयर खरीद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

## १७. प्रत्याभूति सम्बन्धी विवरण :

**धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम** : स्वीकृत विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको शत प्रतिशतले हुने ३,००,००,००० कित्ता साधारण शेयरको लागि रु.६,२४,००,००,०००/- (अक्षरेपी छ अर्ब चौबीस करोड रुपैयाँ मात्र) रकम बराबरको प्रत्याभूति सेवा देहाय बमोजिमका कम्पनीद्वारा प्रदान गरिएको छ ।

| क्र.सं. | प्रत्याभूतिकर्ताको नाम | प्रत्याभूत शेयर कित्ता | प्रत्याभूत गरिएको रकम (रु.) |
|---|---|---|---|
| १. | एनआईएमबि एस क्यापिटल लिमिटेड | २,९८०,७७० | ६२०,०००,१६०/- |
| २. | प्रभु क्यापिटल लिमिटेड | ९,६१५,३८४ | १,९९९,९९९,८७२/- |
| ३. | नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २,९८०,७७० | ६२०,०००,१६०/- |
| ४. | नबिल सेक्युरिटिज लिमिटेड | १४,४२३,०७६ | २,९९९,९९९,८०८/- |
| | **जम्मा** | ३,००,००,००० | ६,२४,००,००,०००/- |

## १८. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा हितग्राही परिचय नम्बर, सम्बन्धित व्यवसायीको नाम खुलाउनु पर्ने र बैंक खाता मार्फत कारोबार गरिनु पर्ने जस्ता पक्षहरु :

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरुले स्वीकृत विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।
२. स्वीकृत विवरणपत्र अनुसार धितोपत्र खरीद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।
३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफू रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।
४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईन पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन् ।
५. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् ।
६. आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाले ASBA अन्तर्गत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।
७. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।
८. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।
९. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसँग आवेदन फाराम भरी बुझाउनु पर्नेछ :
   क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
   ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।
   ग. खरीद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
   घ. खरीद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा) ।
   ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
   च. आवेदकको हितग्राही (DEMAT) खाता नम्बर ।
१०. आवेदकहरुले आवेदन दिंदा आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुँदैन ।
११. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।
१२. एक व्यक्तिले आफूले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
१३. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले बुझ्नुपर्नेछ ।
१४. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।
१५. शेयरको बाँडफाँड गरी सूचीकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकाले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नम्बर आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।
१६. रु.५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नम्बर (PAN) को प्रतिलिपि समेत आवेदन फारामसाथ पेश गर्नुपर्नेछ । रु.५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नु पर्नेछ ।

## १९. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सोभन्दा माथि लिने भएमा कुन गुणांकमा लिन सक्ने हो सो सम्बन्धी विवरणः

(१) यस पुनर्बीमा कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, वडा नं. १, काठमाडौं र धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
(२) स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने शेयर खरीदका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्तसाथ आफूले खरीद गर्न चाहेको साधारण शेयर संख्याको प्रति शेयर अंकित मूल्य रु.१००/- मा प्रिमियम रु.१०६/- थप गरी जम्मा रु.२०६/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको बैंक तथा वित्तीय संस्थाहरुमा जम्मा गरी नियमानुसार दरखास्त दिनुपर्नेछ वा मेरो शेयर मार्फत दरखास्त दिन सकिनेछ ।
(३) स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले न्यूनतम १० (दश) कित्ता र अधिकतममा १० अङ्कको गुणाङ्कमा ३,००,००० (तीन लाख) कित्तासम्म शेयर खरीद गर्नकालागि दरखास्त दिन सकिनेछ ।

## २०. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

***निष्काशनबाट प्राप्त हुने कुल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ तत्सम्बन्धी विवरण :*** सर्वसाधारणको लागि शेयरको सार्वजनिक निष्काशन (Initial Public Offering) बाट प्राप्त हुने पूँजीको उपयोग हिमालयन रिइन्स्योरेन्स लिमिटेडको निर्दिष्ट कार्य योजना अनुरुप गरिनेछ । पुनर्बीमाले तय गरेको आफ्नो लक्ष्यलाई हासिल गर्नको निम्ति नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम र अन्य नियम कानून अनुसार नै विभिन्न क्षेत्रमा लगानीका लागि पूँजीको उपयोग गरिनेछ, जुन देहाय अनुसार रहेको छ :

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | नेपाल सरकारको ऋणपत्र/विकास ऋणपत्र | ६८,६००,०००/- |
| २. | वाणिज्य बैंकको मुद्दती निक्षेपमा | ३,५०३,९००,०००/- |
| ३. | विकास बैंकको मुद्दती निक्षेपमा | ३४३,०००,०००/- |
| ४. | वित्त कम्पनीको मुद्दती निक्षेपमा | १७१,५००,०००/- |
| ५. | पब्लिक लिमिटेड कम्पनीको डिबेञ्चर तथा शेयर | ३४३,०००,०००/- |
| ६. | घर जग्गा कार्यालय प्रयोजनको लागि | १,५००,०००,०००/- |
| ७. | इन्भेष्टमेन्ट कम्पनी | २५०,०००,०००/- |
| | जम्मा | ६,१८०,०००,०००/- |

## २१. विवरणपत्र, दरखास्त फाराम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

| क्र.सं. | विवरणपत्र पाइने स्थानहरुः |
|---|---|
| १. | हिमालयन रिइन्स्योरेन्स लिमिटेड, महाराजगञ्ज, काठमाडौं र वेबसाइट www.himalayanre.com |
| २. | एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौं र वेबसाइट www.nmbcl.com.np |
| ३. | नेपाल धितोपत्र बोर्डको वेबसाइटः www.sebon.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ । |

| क्र.सं. | दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानः |
|---|---|
| १. | वैदेशिक रोजगारमा रहेका नेपालीहरुले नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

## २२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| क्र.सं. | निष्काशन बैंकको नाम, ठेगाना | खाताको नाम | खाता नं. |
|---|---|---|---|
| १. | एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौं | NMBCL-HRIL-BTI-2080/81 | ९९००००५४०१००२०३९ |

साथै, आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै नेपाल धितोपत्र बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंक तथा राष्ट्रियस्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

## २३. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्र मार्फत प्रथम चरणमा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि आवेदन खुल्ला गरिनेछ । जसको अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन हुनेछ । उक्त शेयरहरु बाँडफाँड गरे पश्चात् सर्वसाधारणका लागि शेयर निष्काशन खुल्लाको आह्वानपत्र प्रकाशित गरिनेछ ।

## २४. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न र सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको छ । कुनै पनि लगानीकर्ताले यस निष्काशनसँग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि अनुपालना अधिकृत श्री मनिप अधिकारीलाई निजकै कार्यकक्षमा वा निजलाई कार्यालय समय भित्र ०१-४५३७९६३ (एक्सटेन्शनः १२३) मा सम्पर्क गर्न सकिनेछ ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

NMB CAPITAL
एनएमबि क्यापिटल

**एनएमबि क्यापिटल लिमिटेड**
बालुवाटार, काठमाडौं, नेपाल, फोनः ९७७-०१-४५३७९६३
इमेलः info@nmbcl.com.np वेबसाइटः www.nmbcl.com.np